# COVID-19,को संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा खटिने स्वास्थ्यकर्मी/कर्मचारी/पदाधिकारीहरुलाई वितरण गरिने जोखिम भत्ता सम्बन्धी कार्यविधी -२०७७

सखुवानन्कारकट्टी गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवानन्कारकट्टी सिरहा
२ नं. प्रदेश नेपाल

## प्रस्तावनाः-

विश्वब्यापी माहामारीको रुपमा फैलिरहेको कोभिड -१९(COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा WHO तथा संघीय सरकारको मार्गदर्शन/निर्देशन अनुसार यस सखुवानन्कारकट्टी गाउँपालिका र अन्तर्गतका सेवा प्रदायक स्वास्थ्यकर्मी ,म.स्वा.स्वंय सेविका एवंम यस माहाअभियानमा सहयोग गर्न खटिएका कार्यालय सहयोगी,सवारी चालक तथा सर सफाई कर्मचारीहरु लगायत अन्य थप सहयोगी कर्मचारीहरु समेतलाई उच्च स्वास्थ्य सुरक्षा सतर्कता अपनाई मानव संवेदनशिलतालाई समेत आत्मसात गरि नागरिकहरुको जिउ ज्यानको रक्षाका निम्ति उच्च मनोवलकासाथ उत्साहित भई काम गर्न सखुवानन्कारकट्टी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरेको हुँदा उक्त भत्ता वितरण गर्न बान्छनीय भएकोले सखुवानन्कारकट्टी गाउँपालिकाले यो कार्यविधी बनाएको छ ।

## परिच्छेद-१

(१) **यो कार्यविधीको नामः** " कोभिड-१९(COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा खटिने स्वास्थ्यकर्मी/कर्मचारी/पदाधिकारीहरुलाई वितरण गरिने जोखिम भत्ता सम्बन्धी कार्यविधी -२०७७ " रहनेछ ।

(२) **प्रारम्भ हुनेः** यो कार्यविधी सखुवानन्कारकट्टी गाउँपालिकाको, गाउँ कार्यपालिकाबाट स्वीकृत भए लगतै कार्यन्वयनमा आउनेछ ।

(३) **परिभाषाः** विषय र प्रसङगले अर्को अर्थ नलागेमा,

क) **" सेवा प्रदायक स्वास्थ्यकर्मी "** भन्नाले COVID-19 हेल्थ डेस्क,क्वारेन्टाईन सेंटर तथा आईसोलेसन सेंटर र सेल्फ होम क्वारेन्टाईनमा रहेका ब्यक्तिहरुको स्थानीय जनसमुदायको प्राप्त सुचना अनुसार स्वास्थ्य परिक्षण गर्ने कार्यमा परिचालन हुने वा तोकिए अनुसारको ड्युटीमा खटिने स्वास्थ्यकर्मी(Doctor/Public Health Officer/HA/Sr.AHW officer/Sr.AHW/Staff Nurse/Sr.ANM officer/Sr.ANM/Lab.Tec/Lab.Asst.) लाई जनाउनेछ ।

ख) **" म.स्वा.स्वंम सेविका "** भन्नाले यस नगर क्षेत्रमा बिभिन्न वडाहरुमा कार्यरत रही निजकै आफ्नो कार्यक्षेत्रमा कोरोना प्रभावित क्षेत्र वा विदेशबाट आएका ब्यक्तिहरुको विवरण तैयार गर्ने ,उनीहरु होम क्वारेन्टाईनमा रहेको सुनिश्चित गर्ने र निजहरुको स्वास्थ्य स्थितिबारे सम्बन्धित स्वास्थ्य संस्थामा दैनिक प्रतिवेदन गर्ने कार्यमा खटिएका म.स्वा.स्वंय सेविकालाई जनाउनेछ ।

ग) **" सहयोगी कर्मचारी "** भन्नाले कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सखुवानन्कारकट्टी गाउँपालिका, स्वास्थ्य शाखाद्वारा परिचालन गरेबमोजिम सहयोग गर्न खटिने सवारी चालक,कार्यालय सहयोगी तथा सर सफाई कर्मचारी र सुरक्षाकर्मीहरु समेतलाई जनाउनेछ ।

घ) **" संयोजक/योजना/नियन्त्रण समुह "** भन्नाले कोभिड-१९को प्रतिकार्य प्रभावकारी ढङगले छिटो,ब्यवस्थित र समन्वयात्मक रुपमा कार्य गर्नको लागी स्थापित COVID-19 Crisis Management Center(CCMC) अन्तर्गतका कर्मचारी/पदाधिकारी र सो मातहतका स्वास्थ्य सेवा तथा उपचार कार्य,आपुर्ति तथा अत्यावश्यक सेवा सहजीकरण कार्य,शान्ति शुरक्षा अनुगमन तथा नियन्त्रण कार्य र सुचना तथा प्रविधि कार्य अन्तर्गत खटिई कार्यसम्पादन गर्ने कर्मचारी तथा सखुवानन्कारकट्टी गाउँपालिका, स्वास्थ्य शाखामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरु समेतलाई जनाउनेछ ।

Scanned with CamScanner

ङ) **CCMC** : भन्नाले कोभिड -१९ ( COVID-19) को संक्रमण रोकथाम,नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङगले छिटो,ब्यवस्थित र समन्वयात्मक रुपमा संचालन गर्नका लागी गाउँपालिकास्तरमा गाउँपालिका प्रमुखको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत, स्थानीयस्तरमा रहेका सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरु सदस्य तथा स्वास्थ्य शाखाका संयोजक सदस्य सचिव रहने गरि TOR सहित स्थापना भएका एक सशक्त र प्रभावकारी संयन्त्रलाई CCMC (COVID-19,Crisis Management Center) बुझ्नुपर्दछ ।

## परिच्छेद-२

### (४) जोखिम भत्ता सम्बन्धी ब्यवस्था:

(१) कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा खटिने राष्ट्रसेवक कर्मचारी तथा CCMC ( COVID-19,Crisis Management Center ) सखुवानन्कारकट्टी पदाधिकारीहरुलाई उच्च मनोवलका साथ उत्साहित भएर आफ्नो कार्यक्षेत्रमा काम काज गर्नका लागी सखुवानन्कारकट्टी गाउँपालिकाले देहाय अनुसारको जोखिम भत्ता सुविधा उपलब्ध गराउनेछ ।

**तपसिल:**

| क्र.सं. | विवरण | जोखिम भत्ताको दर |
|---|---|---|
| १. | सेवा प्रदायक स्वास्थ्यकर्मी ( चिक्तिसक, सि.अ.हे.व.अधिकृत, हे.अ., स्टाफ नर्स, सि.अ.न.मी., सि.अ.हे.व., / /सि.अ.न.मी.निरिक्षक/ अ.हे.व. /अ.न.मी.आदी ।) | शुरु तलव स्केलको शत प्रतिशत रकम ड्यूटीमा खटिएको दिनको प्रतिदिनको दरले हुन आउने रकम । |
| २. | सहयोगी कर्मचारी ( कार्यालय सहयोगी,सवारी चालक,सर सफाई कर्मचारी , सुरक्षाकर्मी तथा थप अन्य कर्मचारी समेत । ) | " " |
| ३. | संयोजक/योजना/नियन्त्रण समुहमा रहेर काम गर्ने राष्ट्रसेवक कर्मचारी तथा पदाधिकारीहरु ( गा.पा. प्रमुख, गा.पा. उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य र प्र.प्र.अधिकृत) ले कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण संग सम्बन्धित विभिन्न कार्यक्रमहरुमा खटिएवापतको जोखिम भत्ता । ) | लकडाउनको अवधिभर:<br>(क) प्र.प्र.अ.को हकमा शुरु तलवको ७५ प्रतिशतमा नबढने गरी हुन आउने मासिक एकमुष्ठ रकम ।<br>(ख) गा.पा. प्रमुखको हकमा प्रतिदिन रु.१२००।– का दरले हुन आउने मासिक एकमुष्ठ रकम ।<br>(ग) गा.पा. उप प्रमुखको हकमा प्रतिदिन काम गरेको दिनको रु.१०००।–<br>(घ) वडा अध्यक्षको हकमा प्रतिदिन काम गरेको दिनको रु.८००।–<br>(ङ) कार्यपालिका सदस्यको हकमा प्रतिदिन काम गरेको दिनको रु.५००।-<br>(च) पालिकामा कार्यरत चालकहरुको हकमा प्रतिदिन काम गरेको दिनको रु. ७००।- |
| ४. | संयोजक/योजना/नियन्त्रण समुहमा रहेर काम गर्ने राष्ट्रसेवक कर्मचारीहरु ( **स्वास्थ्य शाखामा काम गर्ने सम्पुर्ण कर्मचारी तथा सखुवा गा.पा.का सुचना प्रविधि अधिकृत र स्वा.शाखा प्रमुख / प्र.प्र.अधिकृतले खटाए / लगाएका अन्य कर्मचारी समेत । )** | शुरु तलव स्केलको शत प्रतिशत रकम प्रतिदिनको दरले हुन आउने रकम:<br>(क) स्वास्थ्य शाखाको हकमा २०७६ साल फाल्गुन १ गते देखि लागु हुने गरी COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रण भएको घोषणा हुँदाको अवधि सम्म दैनिक । |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | | (ख) सखुवा.गा.पा.को सुचना प्रविधि अधिकृत तथा अन्य कर्मचारीको हकमा २०७६ साल चैत्र ११ गते देखि लागु हुने गरी दैनिक लकडाउनको अवधिभर काम गरेको दिनको। |
| ५. | म.स्वा.स्वंम सेविका | एकमुष्ठ रु.१५००।–( एकहजार पाँच सय रुपैया ) जम्मा कार्यअवधिमा एकपटकको लागी मात्र। |
| ६. | प्रयोगशालाकर्मी(ल्या.अ./ल्या.टे.) | RDT Kit ले जाँच गरेवापत प्रति केश रु.२००।– का दरले हुन आउने रकम। |

(२) उपनियम (१) मा ब्यवस्था भएबमोजिमको सुविधा उपलब्ध गराउन सखुवानन्कारकट्टी गाउँपालिका स्वास्थ्य शाखा र अन्तर्गतका कर्मचारी/स्वास्थ्यकर्मीहरुको ड्यूटीमा खटिएका कर्मचारीहरुको कार्यअवधि सहितको विवरण स्वा.शाखाले प्रमाणित गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश गर्नेछ।

(३) उपनियम(२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य जन निर्वाचित पदाधिकारीहरुलाई उपलब्ध गराईने जोखिम भत्ताको हकमा खटिएको कार्यअवधि नगर प्रमुखले प्रमाणित गरेबमोजिम हुनेछ।

(४) उपनियम (२) र उपनियम (३) बमोजिम सखुवानन्कारकट्टी गाउँपालिकाद्वारा प्रदान गरिने जोखिम भत्ता सुविधा बाहेक गाउँपालिका / प्रदेश सरकार तथा नेपाल सरकारले तोक्ने अन्य थप आर्थिक सुविधा वा अन्य सुविधा समेत उपलब्ध गराउन बाधा पर्नेछैन।

## परिच्छेद-३

### (५) खारेजी र बचाउ:

(१) यस कार्यविधीमा उल्लेखित कुनै नियम/उपनियम प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म वा सखुवानन्कारकट्टी गाउँपालिका, गाउँ कार्यपालिकाले निर्णय गरि यो कार्यविधी खारेज गरेमा स्वत:निष्कृय हुनेछ।

(२) यस कार्यविधीमा उल्लेखित नियम/उपनियमहरुको ब्याख्या गर्ने, संसोधन/परिमार्जन गर्ने तथा थपघट गर्ने अधिकार सखुवानन्कारकट्टी गाउँपालिका, गाउँ कार्यपालिकामा निहित रहनेछ।

स्वीकृत मिति:२०७७ साल जेष्ठ २८ गते वुधवार।

..............................
केदार नाथ यादव
गा.पा. अध्यक्ष
सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

★ समाप्त ★



Scanned with CamScanner